नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाण्डौं, नेपाल

# सूचना

## लुटपाट भएका /चोरिएका सामान फिर्ता गरिदिने सम्बन्धमा।

मिति २०८२/०५/२४ गते सिंहदरबारमा भएको तोडफोड तथा आगजनीका बखत परराष्ट्र मन्त्रालयमा रहेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानरलगायतका मेसिनरी सामान तथा अन्य सरकारी एवं कर्मचारीका व्यक्तिगत सरसामानको तोडफोड तथा लुटपाट भएको छ।

उल्लिखित घटनाका दौरान यस मन्त्रालयमा प्रवेश गरी तोडफोड तथा लुटपाटमा संलग्नहरूको पहिचान गरी आवश्यक कारबाहीका लागि कानूनी प्रक्रिया अघि बढिसकेको छ। यस मन्त्रालयबाट लुटिएका/चोरी भएका सामानहरू यथाशीघ्र यस मन्त्रालयमा बुझाउनु हुन तथा कसैले लुटपाट वा चोरी गरी लगेको सामानको वारेमा जानकारी प्राप्त गर्नुभएको भएमा सोको समेत जानकारी दिनुहुन अनुरोध छ।

साथै, परराष्ट्र मन्त्रालयको जिन्सी खाता पाना नंबर (प.म.खा.पा.नं. ____) उल्लेख भएका वा नभएका सरसामानहरू कसैले फेला पार्नुभएको वा प्राप्त गर्नुभएको भएमा त्यस्ता सामानहरू यथासक्य छिटो फेला पारेको/प्राप्त गरेकै अवस्थामा यस मन्त्रालयमा बुझाउन देहायबमोजिमका व्यक्तिसँग सम्पर्क गर्नुहुन वा नजिकको सुरक्षा निकायमा जानकारी गराइदिन अनुरोध छ। सूचना दिने व्यक्तिको परिचय गोप्य राखिनेछ।

**सम्पर्क व्यक्तिहरू**

१. दिपकराज त्रिपाठी - ९८४६३९६०८५

२. गणेश ज्ञवाली - ९८५७०१३६८३

सिंहदरबार, काठमाण्डौ, फोन नं. ४२००१८२-८६,फ्याक्स नं. ४२००१६०/४२००१६१
Website: www.mofa.gov.np, Email: info@mofa.gov.np